प्रति साधारण शेयर रु.१००/- अंकित दरका १७,२५,००० कित्ता साधारण शेयरहरुको निष्काशन (३४,५०० कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको र ८६,२५० कित्ता शेयर सामूहिक लगानी कोषहरुलाई बाँडफाँट गरिएको)

स्वीकृत विवरण-पत्रमा उल्लेख भए अनुसार सामूहिक लगानी कोषलाई छुट्याइएको ८६,२५० कित्ता साधारण शेयरहरु सामूहिक लगानी कोष नियमावली २०६७ बमोजिम बाँडफाँट गरिएको छ ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : ५० शेयर
दरखास्त दिनपाउने अधिकतम कित्ता : १५,००० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड
United Modi Hydropower Limited

वडा नं.३१, कमलादी, काठमाण्डौं, नेपाल
फोन नं.: ४१६९११४, फ्याक्स नं.: ४१६९११३
इमेलः unitedmodi@ntc.net.np / वेभसाइट : www.umh.com.np
को

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

यस कम्पनीको साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि इक्रा नेपाल लि. बाट "इक्रा एनपि आईपिओ ग्रेड ३" को प्रमाणपत्र प्राप्त गरेको छ ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	२०७३/११/१९ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	२०७३/११/२३ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	२०७३/१२/३ गते (बैंकिङ्ग समय पश्चात्)

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७३/१०/१९ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७३/१०/२७

१. कम्पनीको नाम : युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड (United Modi Hydropower Ltd.) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.३१, कमलादी, काठमाडौंमा रहेकोछ । आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

४. जलबिद्युत केन्द्र : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र पर्वत जिल्लाको कुश्मा नगरपालिकामा रहेकोछ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः :

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले नेपाली निजीक्षेत्रका उद्यमीहरु मिलेर यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४ साल मंसीर ५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) पर्वत जिल्लाका स्थानिय बासिन्दाहरु तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले २०७० साल चैत्र २८ गते देखि कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

२. हाल यस कम्पनीमा ३५९ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, निमार्ण, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीको प्रवन्धपत्रमा ब्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई "क" बर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लाबासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई "ख" वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७५% शेयर "क" बर्गका संस्थापक शेयरधनी तथा २५% "ख" वर्गका सर्वसाधारणहरु मध्ये, १०% प्रतिशत उद्योग प्रभावित क्षेत्र पर्वत जिल्लाका स्थानीय बासिन्दाहरुलाई मिति २०७३/७/१९ गते बाँडफाँट गरी पूँजीकरण गरिसकेको र बाँकी रहेको १५% सर्वसाधारणहरु (सामुहिक लगानी कोष तथा कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

४. यस कम्पनीले पर्वत जिल्लाको कुश्मा नगरपालिका स्थित मोदी खोलाबाट १० मेगावाट क्षमताको तल्लो मोदी-१ जलविद्युत आयोजना सफलतापूर्वक निर्माण सम्पन्न गरी २०६९ मंसीर ९ गतेबाट ब्यापारिक उत्पादन शुरु गरी नियमित रुपमा नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्दै आइरहेको छ । जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप तल्लो मोदी-१ जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०६६/५/२ गतेका दिन प्राप्त गरेको हो र उक्त अनुमति पत्र मिति २१०१/५/१ गते सम्म बहाल रहनेछ । साथै कम्पनीले आफ्नै स्वामित्वमा तल्लो मोदी-२ जलविद्युत आयोजना (१०.५) मेगावाटको विद्युत सर्वेक्षणको अनुमतिपत्र प्राप्त गरी आयोजना विकास तथा निर्माण गर्ने कार्यमा अघि बढिरहेको छ । तल्लो मोदी-१ जलविद्युत आयोजनाको Cascade Project को रुपमा नै तल्लो मोदी-२ जलविद्युत आयोजना निर्माण गर्ने अवधारणा अनुसार नै कम्पनीले तल्लो मोदी-१ जलविद्युत आयोजना निर्माण गर्दा प्रयोग हुने कार्यालय, गोदाम, कर्मचारी आवास, पहुँच मार्ग, इन्टेक एवं १३२ KV प्रशारण लाइन समेत तल्लो मोदी-२ जलविद्युत आयोजना समेतलाई प्रयोग गर्न सकिने गरी निर्माण गरेको र स्वीचयार्ड, सबस्टेशन एवं पावरहाउस इत्तर क्षेत्रमा पनि सो योजना अनुसार नै केहि बढी मात्रामा जग्गा खरीद गरिएको अवस्था छ । उपरोक्त आयोजनाहरुको कुल लागत, प्रति मेगावाट लागत तथा लगानी फिर्ता हुने अवधि (Pay Back Period) निम्नानुसार रहेको छ :

विवरण	तल्लो मोदी-१	तल्लो मोदी-२ (अनुमानित)
आयोजनाको कुल लागत (रु.हजारमा)	२२१३२०६	१७८७४७७
क्षमता (मे.वा.)	१०	१०.५
प्रति मेगावाट लागत (रु.हजारमा)	२२१३२१	१७०२३६
लगानी फिर्ता हुने अवधि (वर्ष)	१४	८.७५

५. धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा भएको ब्यबस्था बमोजिम उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र) पर्वत जिल्लाका बासिन्दाहरुलाई छुट्ट्याइएको जारी पूँजी मध्येको १०% साधारण शेयर निष्काशन तथा बिक्री गरी बाँडफाँट गरिसकिएको र सर्वसाधारणको लागी छुट्ट्याइएको जारी पूँजी मध्येको १५% साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

६. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको पर्वत जिल्लाको कुश्मा नगरपालिकामा १० मेगावाट क्षमताको तल्लो मोदी-१ जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई आयोजन संचालन भैरहेको छ । साथै १०.५ मेगावाट क्षमताको तल्लो मोदी-२ जलविद्युत आयोजनाको हकमा सो आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी विस्तृत सम्भाव्यता अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन सम्पन्न गरी IEE Report स्वीकृत भइसकेको र नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) र Connection Agreement सम्पन्न भइसकेको छ ।

७. कम्पनीले निर्माण गरेको तल्लो मोदी-१ जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६५ साल माघ २० गते विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । उक्त सम्झौताको पहिलो संशोधन मिति २०६८ साल जेष्ठ २४ गते र दोश्रो संशोधन २०६९ आषाढ २० गते भएको छ । विद्युत खरीद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० बर्ष कायम रहनेछ ।

८. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

८.१. तल्लो मोदी-१ जलविद्युत आयोजनाबाट वार्षिक ६,१०,०८,७२५ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि ५,०३,७७,०३७ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि १,०६,३१,६८७ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

८.२. विद्युतको खरीद मूल्य वर्षायामका आठ महिनाका लागि प्रति किलोवाट घण्टा रु.४/८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.८/४० (आठ रुपैंया चालिस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारीक उत्पादन शुरु भएको आर्थिक बर्ष २०६९/०७० लाई आधार बर्ष मानि खरिद दरमा बार्षिक ३% का दरले पाँच पटक साधारण मुल्यबृद्धि दिँदा हुन आउने खरिददर दिइने छ ।

८.३. नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

८.४. कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका वीमाहरू हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.बाट गरेको छ । यस बाहेक आयोजनामा क्षति भई बन्द भएमा आयोजनाबाट आम्दानीमा हुने नोक्सानीको (Loss of Profit) क्षतिपूर्ति समेतको लागि हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि. बाट बीमा गरेको छ ।

कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) स्वीकृति लिनुपर्ने भएमा सम्बन्धित निकायबाट स्विकृति लिई नेपाल अधिराज्यको विभिन्न भागमा रहेका नदि नाला, तालबाट निजी क्षेत्रमा जलविद्युत आयोजनाहरु निर्माण गरि प्रसारण तथा बिक्री वितरण गर्ने ।
(ख) मोदी खोलामा जलविद्युत निर्माण गरि उत्पादन, प्रसारण तथा बिक्री वितरण गर्ने ।
(ग) विद्युत उर्जाको आवश्यकताअनुसार नेपाल भर जलविद्युत बाहेक अन्य (सौर्य, वायु तापिय) श्रोतबाट पनि विद्युत उर्जा उत्पादन गरि प्रसारण तथा बिक्री वितरण गर्ने ।
(घ) नेपाल विद्युत प्राधिकरणको विभिन्न आयोजनाहरु, विद्युत उर्जा उत्पादन कम्पनीहरुबाट उत्पादित विजुलि लिजमा लिई संचालन तथा बिक्री वितरण गर्ने ।
(ङ) बिद्युत शक्तिको थोक खरिद गर्ने ।
(च) जलविद्युत र वातावरण विकासको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयां नयां ठाउंहरुको अन्वेषण, अध्ययन,अनुगमन तथा मुल्यांकन गरी प्रतिबेदन तयार गर्ने ।
(छ) जलविद्युत तथा अन्य उर्जा शक्तिको उत्पादन, प्रसारण गर्ने र आवश्यक प्रसारण तथा वितरण लाइन निर्माण गर्ने, संचालन गर्ने ।
(ज) विद्युत गृह, साना तथा मझौला विद्युत आयोजनाहरु निर्माण र वातावरण सम्बन्धि परामर्श सेवा उपलब्ध गराउने ।
(झ) जलविद्युत उत्पादन क्षेत्रमा खानेपानी, सिंचाईको व्यवस्था मिलाउने ।
  (अ) कम्पनीको उद्देश्य विस्तार हुँदैजांदा विद्युतिय शक्तिबाट चल्ने पानी तान्ने टावर गार्डेन निर्माण गरि संचालन गर्ने गराउने ।
  (आ) विद्युतिय शक्तिबाट चल्ने मिनि रेल, ट्रामको निर्माण गरि संचालन गर्ने गराउने ।
  (इ) हाइड्रोपावर सम्बन्धि उपकरणहरु, मेशीन औजारहरु विदेशबाट आयात गरि बिक्री वितरण गर्ने गराउने ।
  (ई) नविकरणिय उर्जा सम्बन्धी अध्ययन, तथा परामर्श सेवा प्रदान गर्ने ।
  (उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धि परामर्श गर्ने ।

६. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.१,२५,००,००,०००/- (अक्षरेपी एक अर्ब पच्चीस करोड रुपैंया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/- का दरले १,२५,००,००० (एक करोड पच्चीस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।
जारी पूँजी : कम्पनीको जारी पूँजी रु.१,१५,००,००,०००/- (अक्षरेपी एक अर्ब पन्ध्र करोड रुपैंया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/- का दरले १,१५,००,००० (एक करोड पन्ध्र लाख) थान शेयरमा बिभाजन गरिएको छ ।
चुक्ता पूँजी : हाल कम्पनीको चुक्ता पूँजी रु.९७,७५,००,०००/- (अक्षरेपी सन्तानब्बे करोड पचहत्तर लाख रुपैंया मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ९७,७५,००० (सन्तानब्बे लाख पचहत्तर हजार) थान शेयरमा बिभाजन गरिएको छ । स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणलाई साधारण शेयर जारी गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.१,१५,००,००,०००/-(अक्षरेपी एक अर्ब पन्ध्र करोड) हुनेछ ।

७. निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):

सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूजीको संरचना :

क्र.सं.	शेयरधनीहरु	समुह	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूजी संरचना (%)	भुक्तानी प्रतिशत
१	संस्थापक शेयरधनी	क	८६,२५,०००	८६,२५,००,०००/-	७५%	शतप्रतिशत
२	सर्वसाधारण शेयरधनी (आयोजन प्रभावित पर्वत जिल्लाका बासिन्दाहरु)	ख	११,५०,०००	११,५०,००,०००/-	१०%	शतप्रतिशत
३	सर्वसाधारण शेयरधनी (कर्मचारीहरु समेत)	ख	१७,२५,०००	१७,२५,०००००/-	१५%	शतप्रतिशत
	जम्मा		**१,१५,००,०००**	**१,१५,००,००,०००/-**	**१००%**	

८. आधारभूत/संस्थापक/संचालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

सि.नं.	नाम र ठेगाना	पद	उमेर (बर्षा)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१	पूर्णलाल हिराचन वडा नं.२, सानेपा, ललितपुर	शेयरधनी	६४	नेपाली	१६२,५०३	आइ.ई. सिभिल	अध्यक्षः युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि., अध्यक्षः युनाइटेड वर्ल्ड ट्रेड सेन्टर, पूर्वाधार निर्माण क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव
२	सुकुन्तलाल हिराचन वडा नं.२, सानेपा, ललितपुर	अध्यक्ष	६२	नेपाली	१४७,८०८	आइ.ई. आर्किटेक्चर	प्रबन्ध निर्देशक : युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि., कार्यकारिणी सदस्य : नेपाल उद्योग बाणिज्य महासंघ, पूर्व अध्यक्ष : नेपाल निर्माण व्यवसायी महासंघ, पूर्वाधार विकास आयोजना तथा निर्माण क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव
३	कृष्ण प्रसाद आचार्य वडा नं.१०, नयाँ, बानेश्वर, काठमाण्डौ	सञ्चालक	६४	नेपाली	२८०,७८४	स्नातक	अध्यक्ष : पिपल्स हाइड्रो सहकारी संस्था लि. पूर्व सांसद : आन्तरिम व्यवस्थापिका संसद विभिन्न उद्योग, व्यापार तथा सामाजिक क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव
४	सुधिर प्रसाद तिमिल्सिना वडा नं.४, बालुवाटार, काठमाण्डौ	सञ्चालक	४८	नेपाली	१९१,७५५	बि.ई.	कार्यकारिणी सदस्य : स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल, पूर्व सदस्य : NRN ICC, संचालक : अम्बे सिमेन्ट प्रा.लि., उद्योग, व्यापार क्षेत्रमा ३० बर्ष भन्दा बढीको अनुभव
५	हिमालयन इन्फ्राइष्ट्रक्चर फण्ड लि. वडा नं.३१, कमलादी, काठमाण्डौं	शेयरधनी	-	-	७०४,३९३	-	एयरलाइन्स, होटेल पूर्वाधार एंव उर्जा क्षेत्रमा सन् २००८ देखि संलग्न
६	आशिष थापा वडा नं.१४, कुलेश्वर, काठमाण्डौं	सञ्चालक	३६	नेपाली	३१०,७५१	बि.ई. इलेक्ट्रीकल	प्रबन्ध निर्देशक : किष्ट मेडिकल कलेज लि. शिक्षा एवं व्यवस्थापन क्षेत्रमा १२ वर्षको अनुभव
७	सुनिल भक्त श्रेष्ठ वडा नं.११, थापाथली, काठमाण्डौ	सञ्चालक	५५	नेपाली	१६२,२२७	बि.कम.	प्रबन्ध निर्देशक : कन्सेप्ट डेभलर्पस प्रा.लि., संचालक : आर.बि. कमप्लेक्स प्रा.लि., व्यवसायिक क्षेत्रमा ३० वर्ष भन्दा बढी अनुभव
८	महेन्द्र ब.कार्की वडा नं.७, चावहील, काठमाडौं	शेयरधनी	६५	नेपाली	१६५,१७०	बि.टेक. सिभिल इन्जिनियरिङ्ग	अध्यक्ष : सोइल टेस्ट प्रा.लि., प्रर्व अध्यक्ष : बि.पि. कोइराला क्यान्सर अस्पताल, पूर्वाधार विकास आयोजना, शिक्षा एवं उच्च पदस्थ व्यवस्थापनमा ४० वर्षको अनुभव
९	प्रभु बैंक लिमिटेड वडा नं.११, बबरमहल, काठमाण्डौं	शेयरधनी	-	-	८२२,३५१	-	क वर्गको बाणिज्य बैंक
१०	पिपल्स हाइड्रो सहकारी संस्था लि. वडा नं.१०, नयाँ बानेश्वर, काठमाण्डौ	शेयरधनी	-	-	३४२,३६६	-	वि.सं. २०६६ सालमा स्थापित सहकारी संस्था
११	गोरख शम्सेर ज.ब.रा. वडा नं.२९, ठमेल, काठमाडौं	शेयरधनी	४६	नेपाली	१२९,४०५	एम.बि.ए.	स्टान्डस चार्टर्ड बैंक नेपाल लि. मा उच्च पदमा रही २० वर्ष भन्दा बढीको कार्यानुभव
१२	फेडेलिटी इन्भेष्टमेन्ट प्रा.लि. वडा नं.२२, खिचापोखरी, काठमाडौं	शेयरधनी	-	-	८४३,५८३	-	वि.सं. २०६९ सालमा स्थापित
१३	देबेन्द्र नारायण श्रेष्ठ का.म.पा.-१५, काठमाडौं	शेयरधनी	५२	नेपाली	२४०,१८०	आइ.ए.	व्यापार तथा व्यवसायमा २५ बर्ष भन्दा बढीको अनुभव
१४	देव बहादुर ज्वारचन भिमाद गा.वि.स.-१, तनहुँ	शेयरधनी	६२	नेपाली	१२९,७८१	साक्षर	व्यापार तथा निर्माण क्षेत्रमा ३० वर्ष भन्दा बढीको अनुभव
१५	परा खनाल वडा नं.३४ शंखमुल, काठमाण्डौं	शेयरधनी	२६	नेपाली	९०,७१८	एम.एस्सी. इन्टरनेशनल म्यानेजमेन्ट	विभिन्न व्यापार व्यवसायमा ४ वर्षको अनुभव
१६	रैना तिमिल्सिना वडा नं.३४, शंखमुल, काठमाण्डौं	शेयरधनी	५४	नेपाली	९२,५७१	आइ.ए.	विभिन्न संघ सस्था एवं सामाजिक कार्यहरुमा आवद्ध
१७	प्रज्ञात तिमिल्सिना वडा नं.३४, शंखमुल, काठमाण्डौं	शेयरधनी	२८	नेपाली	९०,८४८	एम.एस्सी. इन्टरनेशनल म्यानेजमेन्ट	विभिन्न व्यापार व्यवसायमा ४ वर्षको अनुभव
१८	पंचवीर सिंह तुलाधर वडा नं.२, लाजिम्पाट, काठमाडौं	शेयरधनी	७९	नेपाली	१२३,८८२	आइ.कम.	व्यापार व्यवसायमा ६० बर्ष भन्दा बढीको अनुभव
१९	देव कुमारी हिराचन वडा नं.२, सानेपा, ललितपुर	शेयरधनी	५५	नेपाली	९८,४३९	आइ.ए.	विभिन्न संघ सस्था एवं सामाजिक कार्यहरुमा आवद्ध
२०	आशा हिराचान वडा नं.२, सानेपा, ललितपुर	शेयरधनी	५६	नेपाली	९८,४३९	आइ.ए.	विभिन्न संघ सस्था एवं सामाजिक कार्यहरुमा आवद्ध
२१	रेखा सिटौला (तिमिल्सिना) बालुवाटार, का.म.पा.-४, काठमाडौं	शेयरधनी	४४	नेपाली	१३३,२१८	एम.ए.	विभिन्न संघ सस्था एवं सामाजिक कार्यहरुमा आवद्ध
२२	हर्क मान मगर हङकङ	शेयरधनी	५१	नेपाली	१४०,०३४	बि.इ. इलेक्ट्रीकल	संचालक : गोर्खाज कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग लि. हङकङ्ग, अन्तराष्ट्रिय व्यापार तथा व्यवसायमा २५ बर्ष भन्दा बढीको अनुभव
२३	अर्जुन अधिकारी अबसिरि, जापान	शेयरधनी	४०	नेपाली	१८५,५८९	बि.बि.एस.	प्रबन्ध निर्देहक : बिस्तारै बिस्तारै लि. जापान, नेपाल तथा जापानमा व्यापार एंव पर्यटन क्षेत्रमा २० वर्षको अनुभव
२४	राज नारायण साह पुडोङ्ग, साङ्घाई, चाईना	शेयरधनी	४७	नेपाली	१४०,०३४	बि.इ. इलेक्ट्रीकल	सिइओ : एन आर इलेक्ट्रिक कं. हङकङ्ग, अन्तराष्ट्रिय व्यापार तथा व्यवसायमा २० बर्ष भन्दा बढीको अनुभव
२५	विन्दवासिनी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी प्रा.लि. वडा नं.१०, नयाँ वानेश्वर, काठमाडौं	शेयरधनी	-	-	१५३,४१९	-	वि.सं. २०५७ सालमा स्थापित

संचालकको विवरण

सि.नं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१	सुकुन्तलाल हिराचन वडा नं.२, सानेपा, ललितपुर	अध्यक्ष	६२	नेपाली	१४७,८०८	आइ.ई. आर्किटेक्चर	प्रवन्ध निर्देशकः युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि., कार्यकारिणी सदस्यः नेपाल उद्योग बाणिज्य महासंघ, पूर्व अध्यक्षः नेपाल निर्माण व्यवसायी महासंघ, पूर्वाधार विकास आयोजना तथा निर्माण क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव
२	सुधिर प्रसाद तिमिल्सिना वडा नं.४, बालुवाटार, काठमाडौं	सञ्चालक/ प्रबन्ध निर्देशक	४८	नेपाली	१९१,७५५	बि.ई.	कार्यकारिणी सदस्यः स्वतन्त्र उर्जा उत्पादकहरुको सस्था, नेपाल, पूर्व सदस्यः NRN ICC, संचालकः अम्बे सिमेन्ट प्रा.लि., उद्योग, व्यापार क्षेत्रमा ३० बर्ष भन्दा बढीको अनुभव
३	कृष्ण प्रसाद आचार्य वडा नं.१०, नयाँवानेश्वर, काठमाडौं	सञ्चालक	६४	नेपाली	२८०,७८४	स्नातक	अध्यक्षः पिपल्स हाइड्रो सहकारी संस्था लि. पूर्व सांसदः आन्तरिम व्यवस्थापिका संसद विभिन्न उद्योग, व्यापार तथा सामाजिक क्षेत्रमा ४० बर्ष भन्दा बढीको अनुभव
४	मुकुन्द प्रसाद तिमिल्सिना वडा नं.३४, शंखमुल, काठमाडौं	सञ्चालक	५७	नेपाली	६४,९५०	बि.कम.	सञ्चालकः शुभश्री अग्नि सिमेन्ट उद्योग प्रा.लि., सञ्चालकः अम्वे सिमेन्ट प्रा.लि., उद्योग एवं व्यापार क्षेत्रमा ३५ बर्ष भन्दा बढीको अनुभव
५	सुनिल भक्त श्रेष्ठ वडा नं.११, थापाथली, काठमाडौं	सञ्चालक	५५	नेपाली	१६२,२२७	बि.कम.	प्रबन्ध निर्देशकः कन्सेप्ट डेभलर्पस प्रा.लि., संचालकः आर.बि. कमप्लेक्स प्रा.लि., व्यवसायिक क्षेत्रमा ३० वर्ष भन्दा बढी अनुभव
६	आशिष थापा वडा नं.१४, कुलेश्वर, काठमाडौं	सञ्चालक	३६	नेपाली	३१०,७५१	बि.ई. इलेक्ट्रीकल	प्रबन्ध निर्देशकः किष्ट मेडिकल कलेज लि. शिक्षा एवं व्यवस्थापन क्षेत्रमा १२ वर्षको अनुभव
७.	नारायण वल्लभ पन्त वडा नं.२४, न्यूरोड, काठमाडौं	सञ्चालक	६५	नेपाली	५५०१	एम.ए. अर्थशास्त्र, बि.एल, बि.कम.	अध्यक्षः देव इन्भेस्मेन्ट कम्पनी प्रा.लि., अध्यक्षः देव वचत तथा ऋण सहकारी संस्था लि., कानून व्यसायमा ४० वर्ष भन्दा बढी अनुभव

९. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ११ (एघार) जना सञ्चालक सदस्यहरु रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

समूह "क" अन्तर्गतका संस्थापक शेयरधनीबाट मनोनित वा निर्वाचित सञ्चालक	७ जना
समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित सञ्चालक (स्थानीय बासिन्दाहरु समेत)	२ जना
स्वतन्त्र सञ्चालकहरु	२ जना
जम्मा	११ जना

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

१०. सिमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

११. संचालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण (सहायक कम्पनी भए संमष्टिकृत रुपमा) :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
शेयर पूँजी	७१३,८४५	७२२,२३९	८,६२,५००	१,१५०,०००	१,१५०,०००	१,१५०,०००
जगेडा कोष	(४८,७१६)	(२५,८०९)	१३,५६४	३५,३३८	४१,९७२	६१,१३१
दीर्घकालीन ऋण	१,४१४,४९०	१,३४०,४२८	१,१९२,३८४	१,११८,७२४	१,८७६,३७२	२,२९५,१३६
व्यवसायिक दायित्व	३०,४१३	२८,५५७	५२,७८५	४१,६१८	४२,४८२	४२,७३८
अन्य दायित्व	-	-	-	-	-	-
जम्मा	२,११०,०३१	२,०६५,४१५	२,१२१,२३३	२,३४५,६८०	३,११०,८२६	३,५४९,००५

सम्पत्ति तथा जायजेथा	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
स्थिर सम्पत्ति						
प्लाण्ट तथा मेसिनरी (ह्रास कट्टी पछिको)	१,८६०,२५३	१,८२८,००८	१,७९५,१२०	१,८२१,१९७	१,७४८,५४८	३,४६३,५५७
अन्य सम्पत्ति (ह्रास कट्टी पछिको)	१०३,८८९	१०१,७४८	९८,९४७	-	-	-
निर्माणाधिन परियोजना (लगानी)	६,३४५	९,९०५	१४,५७५	४३०,५६५	१,२७६,७१३	-
चालु सम्पत्ति कर्जा तथा सापटी						
धरौटी	४,१०७	४,१०७	४,१०७	४०,०९२	४१,०११	४१,१५४
पेश्की तथा प्राप्त हुन बाँकी	५३,८९०	५७,१८८	५०,०३५	-	-	-
आसामी	६५,७२९	४३,१८३	१३४,७०७	-	-	-
सामानको मौज्दात	१०,०५४	११,२३१	९,४३५	-	-	-
नगद तथा बैंक मौज्दात	९६०	५,१५२	९,४७१	५३,८१०	४४,५५३	४४,२९४
प्रिपेड खर्च	४६४०	४,७८०	४,७७१	-	-	-
अपलेखन गर्न बाँकी खर्च	१६३	११४	६५	१६	-	-
जम्मा	२,११०,०३१	२,०६५,४१५	२,१२१,२३३	२,३४५,६८०	३,११०,८२६	३,५४९,००५

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
कुल आम्दानी :						
बिद्युत बिक्री	२७७,३३३	२७१,२७४	१४७,१८८	२९७,९३०	३३६,८५७	३४२,७०५
न्यूनः प्रत्यक्ष खर्च	१०,०२८	९,२३२	७,५८६			
कुल नाफा/(नोक्सानी)	२६७,३०५	२६२,०४२	१३९,६०२			
अन्य आम्दानी	९१९	५	१२७,६७४	५०	-	-
ब्याज आम्दानी	-	-	२१९			
न्यूनः खर्चहरु						
सरकारलाई भुक्तान गरेको रोयल्टी				६,९७९	७,७५७	७,८७४
कर्मचारी खर्च	११,९१७	१२,८६९	१४,५६२			
प्रशासनिक तथा अन्य प्रत्यक्ष खर्च	१४,१७२	१७,८९२	२०,०१९	३१,०८४	३४,०४२	३५,३५६
आर्थिक खर्च	१७३,७०३	१३४,८१६	११९,५४२	१०६,१०७	९८,२७७	९०,११०
ह्रास तथा अपलेखन खर्च	६६,९९५	७१,७४८	७३,१९६	७२,९१९	७२,६६४	७२,४६९
कर्मचारी बोनस	२९	४९४	८०४	१६१८	२,४८२	२,७३८
कर अघिको खुद नाफा/(नोक्सानी)	१,४०८	२४२२८	३९,३७३	७९,२७३	१२१,६३४	१३४,१५९
आयकर	-	-	-			
खुद नाफा/(नोक्सानी)	१,४०८	२४२२८	३९,३७३	७९,२७३	१२१,६३४	१३४,१५९
अघिल्लो बर्षसम्मको नाफा/(नोक्सानी)	(५०,१२५)	(४८,७१६)	(२५,८०९)	१३,५६५	३५३३८	४१९७२
अघिल्लो बर्षको समायोजन	-	(१,३२०)	-			
बाँडफाँटका लागि उपलब्ध नाफा	(४८,७१६)	(२५,८०९)	१३,५६४	९२,८३८	१५६,९७२	१७६,१३१
प्रस्तावित लाभांश	-	-	-	५७,५००	११५,०००	११५,०००
वासलतमा सारिएको	(४८,७१६)	(२५,८०९)	१३,५६४	३५,३३८	४१,९७२	६१,१३१

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औषत प्रतिफल

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
चुक्ता पूँजी	७१३,८४५	७२२,२३९	८६२,५००	१,१५०,०००	१,१५०,०००	१,१५०,०००
जगेडा तथा कोषहरु	(४८७१६)	(२५८०९)	१३,५६५	३५,३३८	४१,९७२	६१,१३१
कुल	६६५,१२८	६९६,४३१	८७६,०६५	१,१८५,३३८	१,१९१,९७२	१,२११,१३१
घटाउने : अपलेखन गर्न बाँकी खर्च	१६३	११४	६५	१६	-	-
कुल नेटवर्थ	६६४९६५	६९६३१६	८७५९९९	१,१८५,३२१	१,१९१,९७२	१,२११,१३१
शेयर संख्या (हजारमा)	७१३८.४५	७२२२.३९	८६२५.००	११५००.००	११५००.००	११५००.००
प्रति शेयर नेटवर्थ (रु.)	९३.१५	९६.४१	१०१.५७	१०३.०७	१०३.६५	१०५.३२
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल (%)	०.२१	३.४८	४.४९	६.६९	१०.२०	११.०८
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (प्रतिशतमा)				४.०४%		

नोटः कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनी एम. खनाल एण्ड कं., चार्टड एकाउण्टेण्ट्सका श्री महेश खनाल, एफसिएले गर्नु भएको हो ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरुः

१) धितोपत्रको सार्वजनिक निश्कासन गर्ने आधारमा आ.व. २०७३/७४ मा शेयर पूँजी रु.२८,७५,००,०००/- ले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।
२) कम्पनीद्वारा विकास गरिने तल्लो मोदी-२ जलविद्युत आयोजनाको निर्माण २०७३ पौष महिनादेखि प्रारम्भ गर्ने तथा २०७६ ज्येष्ठ भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी २०७६ असार १७ गतेबाट व्यापारिक उत्पादन शुरु गर्ने योजना गरिएको छ ।
३) तल्लो मोदी-२ जलविद्युत आयोजनाको कुल लागत अनुमान रु.१.६९ अर्ब (निर्माण अवधिको ब्याज वाहेक) तथा निमार्ण अवधिको ब्याज सहित रु.१.७९ अर्ब हुने प्रक्षेपण गरिएको छ ।
४) उक्त आयोजना निर्माणको लागि ७५:२५ को अनुपातमा बैंक ऋण रु.१.३४ अर्ब प्रयोग हुने र आयोजना निर्माणमा पहिले स्वपूँजी प्रयोग गरी तत्पश्चात मात्र बैंक ऋण उपयोग गर्न शुरु गरिने प्रक्षेपण गरिएको छ ।
५) कम्पनीले आ.ब.२०७३/७४ मा रु.५.७५ करोड, आ.ब.२०७४/७५ मा रु.११.५० करोड र आ.ब.२०७५/७६ मा रु.११.५० करोड लाभांश वितरण गर्ने प्रक्षेपण गरिएको छ ।
६) नेपाल विद्युत प्राधिकरणसंग भएको विद्युत खरिद बिक्री सम्झौता (PPA) को आधारमा २०७६ श्रावण १ गते देखि नै तल्लो मोदी-२ जलविद्युत आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन शुरु भइसक्ने प्रक्षेप्रण गरिएको छ र PPA को आधारमा दुवै आयोजनाहरुको शतप्रतिशत क्षमता उपभोग गरी कन्ट्राक्ट इनर्जीको न्यूनतम ९०% विद्युत उत्पादन तथा बिक्री गरिने प्रक्षेपण गरिएको छ ।
७) कर्मचारी खर्च एंव इन्धन खर्च हरेक बर्ष ५% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।
८) प्लान्ट तथा मेशिनरीको विस्तृत मर्मत संभार (Overhauling) खर्च पहिलो ५ वर्षको लागि बार्षिक ३%, त्यस पछिको ५ वर्षको लागि बार्षिक १५% र त्यस पछि बार्षिक २५% ले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।
९) अन्य खर्चहरु बार्षिक ३% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।
१०) विद्युत बिक्रीको दर PPA मा व्यवस्था भए बमोजिम राखिएको छ र उक्त बिक्रीमा लाग्ने रोयल्टी खर्चको पनि प्रक्षेपण गरिएको छ ।
११) ह्रास खर्च सम्बन्धमा आयोजनासँग प्रत्यक्ष सम्बन्धित प्लान्ट, मेशिनरी, जग्गा एंव अन्य संरचनाहरु लाई आयोजना अवधिभर Straight Line Method अनुसार ह्रासकट्टी गरिएको छ र अन्य सम्पत्तिहरुको हकमा आयकर ऐन २०५८ को व्यवस्था अनुसार गरिएको छ ।
१२) बैंक ऋणको ब्याज गणनाको लागि ९% ब्याजदर लिईएको छ ।
१३) कर्मचारी बोनसको व्यवस्था विद्युत ऐन, २०४९ अनुसार २% का दरले हरेक वर्ष व्यवस्था गरिएको छ ।
१४) बैंक ऋण चुक्ता गर्ने प्रक्षेपणः

आर्थिक बर्ष	तल्लो मोदी-१ (रकम रु. हजारमा)	तल्लो मोदी-२ (रकम रु.हजारमा)	जम्मा (रकम रु.हजारमा)
०७२/०७३	१३८,१२६	-	१३८,१२६
०७३/०७४	८६,५००	-	८६,५००
०७४/०७५	८८,५००	-	८८,५००
०७५/०७६	९२,०००	-	९२,०००
०७६/०७७	१०२,५००	४६,५००	१४९,०००
०७७/०७८	११४,०००	७८,०००	१९२,०००
०७८/०७९	१३४,०००	९२,५००	२२६,५००
०७९/०८०	१५५,५००	१०३,०००	२५८,५००
०८०/०८१	१६६,५००	११३,०००	२७९,५००
०८१/०८२	१७१,७५०	१२५,०००	२९६,७५०
०८२/०८३	८०,४२८	१३७,०००	२१७,२४८
०८३/०८४	-	१५१,०००	१५१,०००
०८४/०८५	-	१६६,०००	१६६,०००
०८५/०८६	-	१८५,०००	१८५,०००
०८६/०८७	-	१७३,६३८	१७३,६३८

१२. अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- सञ्चालन एवं नियमित भुक्तानीमा असर पर्न सक्ने ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- जलश्रोतको मुहान एवं हिमालहरुमा मा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।

ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम :
- सो नभएको ।

ङ) विदेशी विनिमयको जोखिम :
- बिदेशी विनिमय दरमा परिवर्तन भएमा निर्माण खर्चमा बृद्धि हुन सक्ने जोखिम रहेको ।

च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :
- अनुमति वा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको ।

छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको ।

ज) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी ब्यबस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

झ) सञ्चालन इतिहासको अभाव :
- मिति २०६४ मंसीर ५ गते देखि कम्पनीले आफ्नो कारोवार संचालन गरेकोले कम्पनीको संचालन इतिहास करिव ८ बर्ष भन्दा बढीको रहेको छ ।

ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :
- जलविद्युत आयोजना निर्माणको लागी आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।

(ट) अन्य :
- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछः

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा ब्यबस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको ब्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न कम्पनीले मोदी-१ जलविद्युत आयोजनाको सम्पति तर्फ रु.१.४९ अर्ब, Loss of Profit तर्फ बार्षिक रु.१७.४३ करोड तथा तेस्रो पक्ष वीमा तर्फ रु.५० लाख बराबरको सबै जोखिम व्यहोर्ने गरी श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि. मार्फत वीमा गराएको छ र सो वीमाको म्याद ३० अप्रिल २०१७ सम्म बहाल रहेकोछ ।

धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१३. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृयाः
स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिकामा भएको ब्यबस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः
शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट-पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :
धितोपत्र निष्काशन निर्देशिका, २०६५ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" को दफा २४ (२) मा भएको ब्यबस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकरण गराए पश्चात साधारण शेयर सम्बन्धित शेयरधनीको हितग्राही खातामा उपलब्ध गराइनेछ ।

(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :
निष्काशन गरिने साधारण शेयर सूचिकरण भैसकेको छैन ।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी ब्यबस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी ब्यबस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको ब्यबस्था मिलाइनेछ ।

१४. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरुः

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
२. दरखास्त दिंदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । यसरी दरखास्त दिंदा दरखास्तवालाले दरखास्त फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटो सहित नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नु पर्नेछ । यसरी दरखास्त दिंदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफुले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनु पर्नेछ । नावालकको हकमा आवेदन दिंदा नेपाल सरकारको पञ्जीकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
३. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
४. दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फारममा उल्लेख गरिएको नीजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।
५. सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन ।
६. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १५,००० (पन्ध्र हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।
७. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
८. रु.१० लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ । साथै रु.१० लाख रुपैंया वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नु पर्दछ ।
९. आबेदन फाराम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नु पर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्ने छन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।
१२. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त ब्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।
१३. बाँडफाँटबाट कायम शेयरधनीहरुलाई शेयर प्रमाणपत्र दिंदा दरखास्तवालाले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कल प्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने ब्यबस्था रहेकोले शेयर प्रमाणपत्र लिन आवेदकले आफ्नो नागरिकताको सक्कल प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ ।
१४. कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि सहित कम्पनी वा संस्थाको प्रमुखको मुखाकृति स्पष्ट देखिने फोटो समेत समावेश गरी दरखास्त दिनु पर्नेछ ।
१५. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।
१६. आवेदन दिदाँ आवेदन फाराममा आवेदकले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नम्बर (DMAT Account/BOID No.) उल्लेख गर्नु पर्नेछ ।

१५. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम र ठेगाना	फोन नं.	सम्पर्क ब्यक्ति
१.	एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।	४००५०८०	बद्री प्रसाद प्याकुरेल
२.	*सि.बि.आई.एल. क्यापिटल लि., डिल्लीबजार, काठमाडौं ।	४४१७७२३	संजिब भण्डारी
३.	*काठमाण्डौं क्यापिटल मार्केट लि., काठमाण्डौं प्लाजा, कमलादी, काठमाण्डौं ।	४१६८६३४	सुभाष बस्नेत
४.	भिबोर क्यापिटल लि., कृष्णगल्ली, ललितपुर ।	५५५४७९३	सागर तामाङ
५.	गोर्खाज फाइनान्स लि., डिल्लीबजार, काठमाण्डौ तथा शाखा कार्यालयहरु : बौद्ध, न्यूरोड, सातदोबाटो, सूर्यबिनायक, दमक, धरान, इटहरी, नारायणगढ र बिर्तामोड ।	४४३०५२७	मुकुन्द श्रेष्ठ
६.	गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., *हरिहर भवन, ललितपुर तथा शाखा कार्यालयहरुः *चावहिल, *हेटौंडा, बीरगञ्ज र चारआली ।	५५३७४०७	अर्चना प्रधान
७.	आईसीएफसी फाइनान्स लि., भाटभटेनी, काठमाण्डौ तथा शाखा कार्यालयहरु : बौद्ध, मैतीदेबी, गोंगबु, पेप्सीकोला, न्यूरोड र बनेपा ।	४४२५२९२	नितेश तिवारी
८.	सिनर्जी फाइनान्स लि., कमलादी, काठमाण्डौ तथा शाखा कार्यालयहरु : गोंगबु, न्यूरोड पोखरा र मिलनचोक बुटवल ।	४४४२४६१	राजेश पुरी
९.	हाम्रो विकास बैंक लि., विदुर-३, बट्टार, नुवाकोट ।	०१०-५६१७७७	राकेश डंगोल
१०.	ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, हरिशंकर रोड, बागलुङ ।		
११.	साझा विकास बैंक लिमिटेड, धनगढी, कैलाली तथा शाखा कार्यालयहरु : टिकापुर र महेन्द्रनगर ।	०९१-५२६००६	कमला बजगाई

नोटः *उपरोक्त संकलन केन्द्रहरुबाट एकाउण्टपेयी चेक मात्र दरखास्त बुझिलिने ब्यबस्था गरिएको छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड लगायत नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा (ASBA- Application Supported by Blocked Amount) सेवामा सहभागी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा समेत आस्वा (ASBA) प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ ।

१६. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	नाम, ठेगाना	खाता नं.
१.	नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं ।	००१०१०१०३२१०७५

साथै आवश्यकता अनुसार निष्कासन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

१७. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौमा एक विशेष कक्षको ब्यबस्था गरिएको छ । लगानीकर्ताको गुनासो सुन्ने र समाधानको लागि अनुपालना अधिकृत श्री सुभाष पौडेल (सम्पर्क नंः ९८०१०५१०००) लाई तोकिएको छ ।

दरखास्त फारामको नमूना

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड
United Modi Hydropower Limited
वडा नं.३१, कमलादी, काठमाण्डौं, नेपाल
फोन नं.:४१६९११४, फ्याक्स नं.४१६९११३
इमेलः unitedmodi@ntc.net.np / वेभसाइट : www.umh.com.np
को

साधारण शेयर खरिद दरखास्त फाराम

प्रति दरखास्त फारम रु.२/-

फोटो अनिवार्य

कोड नं. ☐☐☐

दरखास्त फारममा निवेदकको आफ्नो हितग्राही खाता नं. तथा खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

सि.नं.

श्री संचालक समिति,
युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड
कमलादी, काठमाण्डौ, नेपाल ।

हितग्राही खाता नं.	DP ID	Beneficial Owner ID

महाशय,

यस कम्पनीको मिति २०७३/१०/१९ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा रु.१००/- अङ्कित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/- को दरले रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं । यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या		शेयर वापत जम्मा गरेको रकम		मिति	२०७३/ /
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.			
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक			
	In English	Mr./Mrs./Miss/Minor			USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.	घर नं.	गा.वि.स./न.पा.	जिल्ला	
Permanent Address	Ward No.	House No.	VDC/Municipality	District	
सम्पर्क ठेगाना					
P.O. Box No.		P.O. Box District		नागरिकता प्रमाण-पत्र नं.	
PAN No.		Contact. No.		नागरिकता जारी गरेको स्थान	
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा				
	In English				USE CAPITAL LETTER
बाबुको नाम					
Father's Name					
बाजेको नाम					
Grandfather's Name					
पति/पत्नीको नाम					
संरक्षकको नाम (नावालकको हकमा)					
Guardian's Name (Incase of minor)					

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन । साथै मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरू र यस दरखास्त फाराममा खुलाएको विवरण सांचो हो । म/हामी यस कम्पनीको संस्थापक, सञ्चालक तथा नीजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु /गर्दछौं । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : ५० शेयर
दरखास्त दिनपाउने अधिकतम कित्ता : १५,००० शेयर

पुनश्चः १. आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडीपट्टी रहेको दफा नं. १४ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।
२. आवेदक संस्था भएमा कार्यकारी प्रमुखको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कालि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name					
Company's Name	UNITED MODI HYDROPOWER LIMITED				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited (Rs.)	
Amount in Words					

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date: Stamp

Code No. ☐☐☐
DP ID
Client ID

चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ

१) बाँडफाँटमा नपरेका शेयर वापतको रकम फिर्ता लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । २) आवेदकलाई रकम फिर्ता दिंदा बैंक वा वित्तीय संस्थामा रहेको आवेदकको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिइनेछ । ३) आवेदकलाई बाँडफाँटमा नपरेको साधारण शेयर वापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकले दरखास्त फारामसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदकको पहिचान गरेर मात्र रकम दिइनेछ । ४) आफु उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडि मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिदका साथै मञ्जुरीनामा पाउने व्यक्तिको कुनै आधिकारीक परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com